कालिमाटी गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

# (न्यायिक समिति)

रामपुर, सल्यान

कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्या:२०७९/०८० चलानी नं. सुचना प्रकाशित मिति:२०७९/०६/०२

## कालिमाटी गाउँ कार्यपालिका न्यायिक समितिको कार्यालयबाट जारी भएको ७ (सात) दिने अत्यन्त जरुरी सुचना ।

प्रस्तुत विषयमा यस कालिमाटी गाउँपालिका न्यायिक समितिको कार्यसम्पादन प्रक्रियालाई चुस्त, दुरुस्त, प्रभावकारी, भरपर्दो र सर्वशुलभ बनाई स्थानिय स्तरबाट जनताको घरदैलोमा नै नागरिकहरुले विधि र कानुन अनुरुप न्यायिक अधिकारहरुको प्रयोग गर्न पाउने व्यवस्था नेपालको संविधानले प्रदत्त गरेको छ । यसै अनुसार स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४९ तथा कालिमाटी गाउँपालिका न्यायिक समिति (कार्यविधि) ऐन २०७६ को दफा ५९ बमोजिम यस न्यायिक समितिको क्षेत्राधिकार भित्र रही समितिमा दर्ता भएका विवादहरुको मेलमिलाप गराउनका लागि प्रत्येक वडामा ३ (तिन) जना मेलमिलापकर्ता र मेलमिलाप केन्द्र गठन गरी सुची समेत तयार गर्नुपर्ने भएकोले तपशिलको योग्यता पुगेका ईच्छुक सम्वन्धित वडामा बसोवास गर्ने नेपाली नागरिकहरुले यसैसाथ संलग्न अनुसुची ११ वमोजिमको ढाँचामा यस न्यायिक समितिको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्पुर्ण गाउँपालिकाबासीहरुमा जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

..............................
सनसिल्ता वली (डि.सी)
न्यायिक समिति संयोजक
सनसिल्ता वली (डि.सी.)
संयोजक

तपशिल:

क) नेपाली नागरिक भै सम्वन्धित वडामा बसोवास गरेको ।

ख) कम्तिमा स्नातक तह उतिर्ण गरेको ।

ग) कुनै राजनितिक दल प्रति आस्था राखी राजनितिमा सक्रिय नरहेको ।

घ) स्थानिय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।

ङ) २५ बर्ष उमेर पुरा भएको ।

च) मेलमिलापकर्ता सम्वन्धि तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएकोलाई बिशेष प्राथमिकता दिईनेछ ।

(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)

## मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा

### न्यायिक समिति

### कालीमाटी गाउँपालिका

**विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।**

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी ........... गाउँपालिकाको न्यायिक समिति अन्तर्गतका ........... मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

<u>तपसिल</u>

१) नागरिकता प्रमाणपत्रको छाँयाकपी,
२) स्नातक तहसम्म उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,
३) मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,
४) मेलमिलाप सम्बन्धी अनुभव र
५) व्यत्तिगत विवरण (Bio- data)

निवेदक

नाम थरः ..........

दस्तखतः ..........

मितिः ...........